# मल्लरानी गाउँपालिका

## आ.व. ०७७/०७८ मा संचालित कार्यक्रमहरुको

# सामाजिक परीक्षण

## को

## प्रतिवेदन

मल्लरानी गाउँपालिका
खलंगा, प्यूठान
दर्ता नं. : 2096
मिति : 2078/3/20

श्री प्रशासन शाखा
दर्ता गरी पेश गर्नु होला
3/20

| |
|---|
| पेश गर्ने : |
| युथ मिडिया डेभलप्मेन्ट सेन्टर नेपाल |
| खलंगा, प्यूठान |

Scanned with CamScanner

१. कार्यक्रमको नाम :

सामाजिक परीक्षण कार्यक्रम

२. कार्यक्रम अवधी :

आ.व. ०७७/०७८ मा संचालित गतिविधिहरु (२०७८ असार १ देखि १५ गतेसम्म)

३. कार्यक्रम भएको स्थान :

गाउँपालिका भित्रका मुख्य-मुख्य योजनाहरु ।

४. सामाजिक परीक्षणमा सहभागी संख्या :

८१ जना

Scanned with CamScanner

**५. पृष्ठभुमि :**

स्थानीय सरकार भनेको गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति बुझिन्छ । लामो समयको अन्तराल पछि मुलुकमा स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भई जनताले आफ्ना प्रतिनिधि पाएका छन् । लामो समयको अन्तराल पछि मुलुकमा भएको राजनीतिक परिवर्तनसंगै जनताका अपेक्षा धेरै छन्, राज्यले सम्बोधन गर्न सकिरहेको छैन । नेपालमा सुशासन स्थापनाका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहँदै आएको छ । नेपालको संविधान, २०७२ मा वहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्वन गरेको र संविधानमै स्थानीय तहमा साधन श्रोत परिचालन, अधिकार र जिम्मेवारी निक्षेपण हुने व्यवस्था रहेको छ ।

तीन तहका सरकारहरुले ग्रामीण विकासलाई लक्षित गर्दै विभिन्न परियोजनाहरु संचालन गर्दै आएका छन् । लामो समय स्थानीय तहमा जनप्रतिनिधिहरु नहुँदा नागरिकहरुका आवश्यकताका योजनाहरु परिपुर्ति हुन सकेका थिएनन् । खासगरी सडक पहुँच, शुद्ध खानेपानी, सिंचाई, शिक्षा तथा स्वास्थ्य लागयत गाउँपालिकाका मुख्य समस्याहरु हुन् ।

स्थानीय तहको निर्वाचन पनि नागरिकहरुले आफ्ना जनप्रतिनिधि पाएका छन् । जननिर्वाचित प्रतिनिधिहरुसँगै विकास निर्माणका गतिविधिले समेत तिव्रता पाएका छन् । नतिजामुखी विकास निर्माणको क्रममा बजेट समेत धेरै लगानी भएका छन् । आ.व. ०७७/०७८ मा सम्पन्न भएका मुख्य-मुख्य योजनाहरुको सामाजिक परीक्षण गरिएको छ ।

**६. परिचय**

गाउँपालिका अन्तरगत शिक्षा, सडक, स्वास्थय सेवा प्रवाहमा सुदृढिकरण, खानेपानीको चरम अभाव भएका क्षेत्रहरुमा खानेपानी सुविधा पुहँच विकासका लागि विभिन्न योजनाहरु कार्यान्वयनमा छन् । नेपाल सरकारले शिक्षा, स्वास्थ्यलाई निःशुल्क र गुणस्तरीय सेवा प्रवाह गर्ने, एक घर एक धाराको अवधारणा अनुसार सवैलाई खानेपानीमा सहज पहुँच स्थापित गर्ने घोषणा गरेको छ । सरकारले लिएको लक्ष्य प्राप्तीका लागि संघीय

सरकार, प्रदेश सरकार र स्थानीय सरकारको विभिन्न साझेदारीमा गाउँपालिकामा समेत यी योजनाहरु कार्यान्वयनमा छन् ।

यस आ.व. मा सम्पन्न भएका मुख्य मुख्य योजनाहरुले पारेको प्रभावको मुल्यांकन तथा लेखाजोखा गर्दै **सामाजिक परीक्षण** कार्य सम्पन्न गरिएको छ ।

**७. सामाजिक परीक्षण गर्नुको उद्देश्य :**

सरकारको उद्देश्य आर्थिक तथा सामाजिक सूचकका आधारमा कमजोर देखिएका गाउँपालिकाका समुदाय, घरपरिवार वा व्यक्तिहरुको गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी योजना मार्फत जीवनस्तर सुधार गर्न योजना कार्यान्वयनमा छन् ।

उद्देश्य प्राप्तीका लागि कार्यान्वयनमा आएका योजनाहरुको सामाजिक परीक्षण गर्नुको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- विनियोजन भएको बजेट कार्यान्वयनको अवस्थाको मुल्यांकन र सामाजिक प्रभावको लेखाजोखा गर्ने ।
- योजनाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउन सघाउने
- योजनाको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको स्थानीय सरोकारवालाहरु वीचमा जानकारी गराउन ।
- कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन ।
- गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाव संकलन गर्न ।
- लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्न
- श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन ।

मिडिया डेभलपमेन्ट सेन्टर
स्था.: २०६७
खलंगा, प्यूठान

Scanned with CamScanner

**८. कार्यक्रमको लक्षित समुह र कार्यान्वयनको अवस्था :**

योजनाले लक्ष्य राखेको लक्षित समुहलाई पारेको प्रभावको अध्ययन गरिएको छ । योजनाहरु कार्यान्वयनको अवस्थालाई हेर्दा अधिकांस योजनाहरु तोकिएको समय भित्र कार्य सम्पन्न गर्नका लागि स्थानीय, उपभोक्ता तथा निर्माण समितिहरु क्रियाशिल भएको पाईएको छ ।

**९. सामाजिक परिक्षण अन्तर्गत संचालन भएका गतिबिधिहरु र समयावधी :**

- योजनासँग सम्वन्धीत सन्दर्भ सामाग्रीको अध्ययन र समिक्षा, योजनाहरुको स्थलगत अन्तवार्ता, अवलोकन र उपभोक्ताहरु वीच छलफल - १५ दिन
- प्रारम्भिक प्रतिवेदन माथि छलफल गरि प्राप्त सल्लाह, सुझावलाई समेटि प्रतिवेदनलाई अन्तिम रुप दिईएको छ । - ३ दिन

**१०. परीक्षणले समेटेका मुख्य क्षेत्रहरु :**

परीक्षणले निम्न विषय क्षेत्रहरुलाई मुख्य रुपमा समेटेको छ ।

- योजना संचालन गर्नुको उद्देश्य ।
- कार्यान्वयनमा भएको चुनौती ।
- यसअघिको अवस्था र हालको अवस्था, आसातित उपलब्धी ।
- योजनका सवल पक्ष ।
- स्थानीय श्रोत सामाग्रीको प्रयोगको अवस्था ।
- स्थानीय जनशक्तिको उपयोगिता ।
- योजनाका दुर्लव पक्ष ।
- योजना कार्यान्वयनका क्रममा सुशासन कायम गर्न गरिएको प्रयास ।

परीक्षणका क्रममा उठेका सवालहरुलाई कार्यान्वयनका लागि बनाउनुपर्ने कार्ययोजनालाई सुझावका रुपमा उल्लेख गरिएको छ ।

Scanned with CamScanner

११. प्राप्त नतिजा :

| क्र.सं. | सवल पक्ष | दुर्लव पक्ष | सुधार गर्नुपर्ने |
|---|---|---|---|
| १. | सानो लगानीले आकर्षक योजना सम्पन्न गर्न सकिन्छ भन्ने उदाहारण । ( गणेश पार्क, गणेश मन्दिर) | योजना कार्यान्वयनमा सामाजिक परिचालनको पाटो कमजोर । | योजनाको शुरुवासँगै सूचना बोर्ड राख्नुपर्ने । |
| २. | आवश्यकताका आधारमा स्थानीय श्रोत र जनशक्तिको उपयोग । | सूचना बोर्ड व्यवस्थापनमा कमजोरी । | समयमै योजना सम्झौता तथा कार्यान्वयन शुरु हुनुपर्ने । |
| ३. | कोभिडको संक्रमण यथावत रहँदा पनि समयमै योजना सम्झौता भई कार्यान्वयन शुरु भएको | उपभोक्ता समितिबाट हुने कतिपय योजनाहरु सिमित व्यक्तिलाई जिम्मा दिई निर्माण गरिएको । | सामाजिक परीचालनको कामलाई थप प्रभावकारी बनाउनुपर्ने । |
| ४. | कतिपय आयोजनामा उल्लेख्य जनश्रमदान | ठेक्का प्रणालीबाट कार्यान्वयनमा आएका योजनाहरुको सम्वन्धीत सरोकारवाला तथा स्थानीय उपभोक्ताहरुलाई प्रयाप्त जानकारी नभएको । | योजना कार्यान्वयन पुर्व स्थानीयको भेला गरी काम शुरुवात बारे जानकारी गराउनुपर्ने । (ठेक्काबाट भएका योजना बारे स्थानीय अनविज्ञ भएकाले) |
| ५. | अधुरो बाल विकास केन्द्र भवनले पूर्णता । | सडक निर्माण सँगै दिगोपनामा ध्यान नपुगेको । (नाली काट्ने, बस्ती, जंगल र खेति योग्य जमिनमा क्षती) | स्थानीय जनशक्ति उत्पादनमा लगानी गरी रोजगारीका अवसर सिर्जना गर्नुपर्ने । |
| ६. | विद्यालय भौतिक पुर्वाधार निर्माणमा भवन सुरक्षामा ध्यान दिइएको | खानेपानी आयोजना निर्माण भएपनि संचालनमा नआएको । | योजना कार्यान्वयनसँगै कागजी प्रक्रियाका बारेमा उपभोक्ता समितिलाई चेकलिष्ट बनाई दिनुपर्ने । |
| ७. | भानुभक्त मावि बर्वोटमा बनेको सभाहललाई बहुउपयोगी बनाउन सकिने । | | निर्माण भएका लिफ्ट खानेपानी संचालनमा ल्याउनुपर्ने र दिगो उपयोगका लागि मर्मत सम्भार कोष बलियो बनाउनुपर्ने । |
| ८. | | | बजेट अभावका कारण पूर्ण नभएका योजनाहरुमा बजेटको व्यवस्थापन गर्नुपर्ने । |
| ९. | | | सडक निर्माण गर्दा वनजंगल, खेतियोग्य जमिनमा पुऱ्याएको क्षेति न्यूनिकरण गर्नुपर्ने । |

Scanned with CamScanner

१२. परीक्षणका क्रममा उठेका केहि सवालहरु :

| क्र.सं. | योजना | सम्वन्धीत पक्ष | कैफियत |
|---|---|---|---|
| १. | पर्यटन सम्भावित क्षेत्रमा भौतिक संरचना निर्माणमा जोड दिनुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| २. | पर्यटकीय क्षेत्रहरुमा पुर्वाधारको विकाससँगै प्रचार प्रसारमा समेत जोड दिनुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ३. | विद्यालयमा भौतिक पुर्वाधारसँगै शैक्षिक सामाग्री वितरण कार्यक्रमलाई समेत समावेश गर्नुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ४. | निर्माणाधिन खानेपानी योजनाहरुलाई पूर्णता दिनुका साथै निर्माण भएका भौतिक संरचनाको सुरक्षामा समेत ध्यान दिनुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ५. | खलंगा तेर्सोगल्ली पहिरो नियन्त्रण गर्नुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ६. | धरम्पानी-मुण्डाँडा-चुंजा-देउराली सडक स्तरोन्नती गर्नुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ७. | देउराली-थाम सडक निर्माणको प्रारम्भ भएकोले सडक ट्रयाक खोल्ने कामलाई पूर्णता दिनुपर्ने । | गाउँपालिका/अन्य निकाय | |


१३. परीक्षणका क्रममा अध्ययन गरिएका कागजात :

- मल्लरानी गाउँपालिकाको आ.व. ०७७/०७८ को योजना पुस्तिका ।
- उपभोक्ता समितिको योजना किताव ।
- प्राविधिक स्टमेट ।
- उपभोक्ता समितिको माईनोट ।
- स्थलगत अवलोकन ।
- उपाभोक्ता समिति, निर्माण समिति, लक्षित वर्ग, स्थानीयसँग छलफल तथा अन्तरक्रिया ।

Scanned with CamScanner



भानुभक्त मावि बर्बोटको सभाहल, मल्लरानी-३



दोमही लिफ्ट खानेपानी आयोजना मल्लरानी-३

Scanned with CamScanner



जनजागृति मावि, मल्लरानी-३



मुण्डाँडा-चुँजा सडक बाटोको सूचना पाटी, मल्लरानी-१ र २

Scanned with CamScanner



देउराली थाम सडक ट्र्याक खोल्ने क्षेत्र, मल्लरानी-१



गणेशमन्दिर पार्क निर्माण, मल्लरानी

Scanned with CamScanner




तेर्सोगल्ली आरसिसि ढलान, मल्लरानी-४




झिमरुक मल्लरानी लिफ्ट खानेपानी आयोजना, मल्लरानी-४

Scanned with CamScanner




देउराली, एकराते, देउघर चुन्द्रीखोला लिफ्ट खा.पा. आयोजना, मल्लरानी-१




मुण्डाँडा चुँजा सडक बारे उपभोक्ताहरुसँग छलफल गर्दै

मिडिया डेभलपमेन्ट सेन्टर
खलंगा, प्युठान

Scanned with CamScanner



सभाहल बारे उपभोक्ता र निर्माण समितिसँग छलफल गर्दै



तेर्सोगल्ली सडक निर्माण बारे उपभोक्ता समिति र उपभोक्ताहरुसँग छलफल गर्दै

Scanned with CamScanner